# बेसीशहर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

## फोहोर व्यवस्थापन सम्बन्धी सूचना ।

बेसीशहर नगरपालिकालाई सफा, स्वच्छ, र स्वस्थ बनाउनु हाम्रो सबैको दायित्व हो। गर्मी बढेसँगै फोहोरजन्य सङ्क्रमण फैलिने जोखिम पनि वृद्धि हुने भएकाले उचित फोहोर व्यवस्थापन गर्न अत्यावश्यक छ । फोहोर खुला ठाउँमा राख्दा कुकुर तथा अन्य जनावरहरूले छरपस्ट पार्ने, दुर्गन्ध फैलाउने तथा सङ्क्रामक रोगहरूको जोखिम बढाउने भएकाले सोही अनुसार व्यवस्थित तवरवाट फोहोर व्यवस्थापन गर्न अनुरोध गरिन्छ । साथै फोहोर उठाउने सवारी साधनको समयतालिका देहाय बमोजिम रहेको हुँदा, सोही समयमा मात्र फोहोर बाहिर निकाल्न अनुरोध गरिन्छ।
यदि कसैले सूचना अवज्ञा गरी फोहोर यत्रतत्र राखेमा, सम्बन्धित कानुन बमोजिम कारबाही गरिने व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**फोहोर मैला संकलन कार्यतालिका**

| वडा नं. | क्षेत्र | संकलन दिन | कैफियत |
|---|---|---|---|
| वडा नं. १ | उदीपुर बजार क्षेत्र | शनिवार | |
| वडा नं. २ | भकुन्डे बजार क्षेत्र | शनिवार | |
| वडा नं. ३ | रानीकुवा बजार क्षेत्र | शनिवार | |
| वडा नं. ६ | चनौटे बजार क्षेत्र | आइतवार | |
| वडा नं. ७ | सबै क्षेत्र | आइतवार र वुधवार | |
| वडा नं. ८ | सवै क्षेत्र | सोमबार र विहिवार | |
| वडा नं. ९ | शितलपाटी बजार क्षेत्र र साम्दी हरित सडक क्षेत्र | शुक्रवार | |

२०८१/०२/१६

नि. प्रमुख प्रशासकीय अधिकृत

**थप जानकारीको लागि सम्पर्क**

बेसीशहर नगरपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
फोन.नं.: ०६६-५२०१५० । Website : besishaharmun.gov.np । Email: besishaharmunicipality@gmail.com